मंहिचान कविता आन्दोलन दुंङ्गेसाघुका उत्साही युवाहरुको प्रस्तुती

# उभार

## साहित्यिक द्वैमासिक पत्रिका

वर्ष- ४, अंक- ४, पूर्णाङ्क- ९ (मंसीर+पुष) २०५७ वि. सं.

**सल्लाहकार**
गोविन्द विकल
राजकुमार कार्की, सचिन पाखेल

**प्रधान सम्पादक**
जुझारु

**सम्पादक/संयोजक**
मिजास/सन्त तेम्बे 'प्रशव'

**कार्यकारी सम्पादक**
केशवप्रसाद भट्टराई

**सहयोगीहरु**
शान्ता राई/टंका गाउँले/बसन्ता वनेम/झुमा सुब्बा/नान्नु प्रिया/पदम प्राञ्जल

**प्रतिनिधिहरु**
- प्रेम न्यौपाने 'प्रभात' - फूङलिङ्ग, ताप्लेजुङ्ग
- कुबेर सुब्बा 'संगम' - हाङपाङ, ताप्लेजुङ्ग
- नेत्रप्रसाद 'भारती' - खाम्लुङ्ग, ताप्लेजुङ्ग
- किशोर शेर्पा 'अनभिज्ञ' - काठमाण्डौं
- कृष्ण अधिकारी - लम्जुङ
- सीता 'सितावितुं', कल्पना तेम्बे, तारा सुब्बा 'सानी'
- श्री भैवाखोला उ. मा. वि., ताप्लेजुङ्ग

वार्षिक शुल्क रु.:-२५/-
पत्रमित्र शुल्क रु. :- १५/-
शन्देश शुल्क (२० शब्दको) रु.:- १५/-

**प्रत्राचार/कार्यालय**
उभार साहित्यिक द्वैमासिक पत्रिका
दुंङ्गेसांघु -७, ताप्लेजुङ्ग
सम्पर्क फोन नं. ०२४-६९००४ (१०-४) बजे

**शाखा पत्राचार कार्यालय**
मिजास
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी, फ्याक्स नं. ०२५-८२७८०

कम्प्यूटर : *झमक मणि घिमिरे*
मुद्रक : *सप्तकोशी प्रकाशन (प्रा.) लि.*
*इटहरी, फोन नं. : (०२५) ८१०२६*

## सम्पादकीय -----

### आफ्नै गन्थन

*एउटा साथीले सोध्नु भो- सम्पादक ज्यू ! यो उभार पत्रिका हवाई पत्रिका हो कि होइन ? हवाई पत्रिका त हवाई पत्रमा पो छाप्नु पर्छ भन्ने ह. मा. स. ने. बताउछ ।*

*यो पत्रिका जसलाई चार पृष्ठमा छापिने गरिन्छ, स्वभाविक सामान्य आकारको छ । गोजीमा बोकेर हिड्न सकिन्छ, छोटा, छरिता रचनाहरु हुन्छन, कुनै पनि बेला झिकेर हेर्न सकिन्छ, विसुद्ध साहित्यिक छ । यद्यपी स्रष्टाहरु केही स्थापित हुन्छन, कोही शीकारु, पत्राचार कार्यालय छ, प्रतिनिधिहरु छन्, तोकिएको ग्राहक शुल्क छ । हुलाक मार्फत अधिराज्यको कुनै पनि स्थानमा प्रेषण गर्न सकिन्छ । अब तपाई भन्नोस उभार हवाई पत्रिका हो कि होइन, अरु हवाई पत्रिका भनाउदा पत्रिकाहरु भन्दा कुन कुन कुरामा फरक पाउनु भो ? हवाई पत्रिका हुन हवाई पत्रमा नै छापीनु पर्छ भन्ने अनिवार्यतालाई हामी मान्दैनौं । ह,मा स नेले राखेको यो सांगुरो धारणा हामीलाई पचन सकेन । यती भनौं कि, हुलाक मार्फत प्रेषण गर्न सकिने स्वभाविक आकारका सबै पत्रिकाहरु हवाई पत्रिका हुन ।*

*अन्त्यमा पत्रिका प्रकाशनमा केहि ढिलो भएकोमा क्षमाप्रार्थी छौं ।*

### गजल

-जुझारु

आंखाभित्र नमुहाउने कालो गाजल भएं ।
नवर्सने आकाशको कालो बादल भएं ।
खोला तरी जानेलाई हेर्न मैले नसकेर
एकैचोटी विरहको दलदले पागल भएं ।
फूल झरे पात झरे हांगाहरु खाली भए,
शिशिरको रुख जस्तै नांगिएर घायल भए ।
फर्कि आउछु भन्दै तिमी यहांबाट जब हिड्यौ,
कहिल्यै म नपुरिने सम्झनाको खाडल भए ।

**-दुंङ्गेसाघु, ताप्लेजुङ्ग**

### ध्यानाकर्षण

१। छोटो कविता, गीत, गजल, मुक्तक, हाइकू आदि लेखेर उभारलाई पठाई आफ्नो प्रतिभाको पहिचान गराउनु होस् ।
२। वार्षिक ग्राहक शुल्क रु. २५ - हाम्रो ठेगानामा रजिष्ट्री वा धनादेश गरेर सहयोग गर्नुहोस् ।
३। १० जना वार्षिक ग्राहक बनाएर आफू निःशुल्क वार्षिक ग्राहक बन्नुहोस् ।
४। जिल्ला वा स्कूल क्याम्पस प्रतिनिधि बन्न इच्छुकले आफ्नो सम्पूर्ण विवरण खुलाउँदै २० जना वार्षिक ग्राहक बनाउनुहोस र तुरुन्त पत्राचार गर्नोस् ।
५। रचना सादा कागज (८X११) को एकापट्टि मात्र सफा र स्पष्ट लेख्नोस् ।
६। लगातार तीन अंक सम्म रचना प्रकाशित नभएमा अस्वीकृत भएको मान्नुहोस् ।
७। कुनै पनि अंकको एक उत्कृष्ट रचनालाई आकर्षक पुरस्कार को व्यवस्था पनि छ ।
८। उभारले नव प्रतिभाहरु (वा. ग्रा.) को रचनालाई विशेष प्राथमिकता दिनु पर्ने हुन्छ ।
९। उत्कृष्ट लागेको रचना औंल्याइदिनु होला ।
१०। लामो कविताका लागि स्थानाभाव हुनेछ ।
११। तपाईहरुको अमूल्य सुझाव, सल्लाह एवं रचनाहरुको अपेक्षा राख्दछौं ।
१२। पहिचान कविता आन्दोलनको प्रस्तुती उभारको बारेमा आफ्नो प्रतिक्रिया लेखेर सहयोग गर्नोस ।

***-सम्पादक***

### गीत

-रेनुका राई 'आँशु'

*मुटुभरि वेदना बोकी म कसरी हासु ?*
*रहर बग्ने मुहान थुन्दै म कती बांचु ।*
*दुखियाको कर्म हजुर खुशी कहां पाउं*
*चर्किरहन्छ छाती भरि अदृष्य घाउ*
*दूर भो आशाहरु निरासालाई कति सांचु*
*रहर बग्ने मुहान थुन्दै म कति बांचु*
*पिरै पिर अंगाल्नु पर्‍यो सधैभरी मैले*
*हरेशखान सकिन जिन्दगीमा कहिल्यै*
*रुनु छ रुवाउ दैव बांकी छ कि कतै आंशु*
*मुटु भरि वेदना बोकी म कसरी हांसु*

**-मोरङ्ग, बयरबन**

### गजल

-आभाष 'दिनेश'

*विर्सिजाने मायालुलाई सम्झनाको शन्देस छ है !*
*तड्पाएर राख्छौं भन्दा 'मार'! भन्ने आदेश छ है !!*
*तिमी रमाउ ! खुशी सजाउ !! त्यो सुन्दर महलमा,*
*मरेर पनि बांच्नु पर्ने मेरो अर्कै परदेश छ है !*
*लुटनसम्म लुट्यौ मलाई, फेरी लुट्नु छ भने,*
*फगत जिउदो लास संग आंशुमात्र शेष छ है !*
*तिमी डुल्ने परिदेशमा गुलावहरु फुल्छनहोला,*
*उजाड यो आभाष संग त पतझडको देश छ है !*

***-झापा-३ (गजल कुञ्ज), पाँचथर***